# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०१।२१ गते ।

# प्रेस विज्ञप्ति

**विषयः आरोपपत्र दायर गरिएको ।**

जिल्ला रौतहट, गौर नगरपालिकास्थित रौतहट जिल्ला अदालत, गौरमा कार्यरत डिठ्ठा लव कुमार सिंहले अदालतको फैसलाबमोजिम दा.खा. पुर्जी गरी जग्गा फुकुवा गराई दिएवापत सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाबाट खटिई गएको टोलीले निज डिठ्ठा लव कुमार सिंहलाई सेवाग्राहीसँग रू. ५०,०००।-(पचास हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा रौतहट जिल्ला अदालत, गौरको तहसिल शाखामा कार्यरत डिठ्ठा लव कुमार सिंहले अदालतको फैसला अनुसार दा.खा. पूर्जी गरी रोक्का रहेको जग्गा फुकुवासमेत गर्नको लागि बिभिन्न बाहाना वनाई दुःख हैरानी दिई बार्गेनिङ्ग गरी सेवाग्राहीसँग घुस/रिसवत रू.५०,०००।—(पचास हजार रुपैयाँ) माग गरी लिएको स्थापित भएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रू.५०,०००।- (पचास हजार रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने